# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 19.03.2026

## सिक्किम अन्तर्राष्ट्रिय चलचित्र महोत्सव

सिक्किम अन्तर्राष्ट्रिय चलचित्र महोत्सव आजदेखि शुरु भएको छ र 22 मार्चसम्म जारी रहनेछ। उद्घाटन महोत्सवमा सिक्किमका राज्यपाल ओमप्रकाश माथुर र मुख्यमन्त्री प्रेम सिंह तामाङको उपस्थिति रहेको थियो। सिक्किम सरकारको सूचना तथा जनसम्पर्क विभागकी सचिव तथा SIFF की निर्देशक अन्नपूर्णा आलेले सिक्किम यो अन्तर्राष्ट्रिय कार्यक्रम आयोजना गर्न पाउँदा उत्साहित भएको बताइन्। उनले थपिन्, यो केवल एक चलचित्र महोत्सव मात्र होइन तर स्थानीय आवाज र विशाल रचनात्मकताको उत्सव र प्रशंसा हो।

SIFF 2026 को एक भागको रूपमा छोटो चलचित्र प्रतियोगिताको लागि पुरस्कार वितरण गरियो।

यो प्रतियोगिता सिक्किम, नेपाल, भुटान र उत्तर बंगालका लागि खुला थियो। प्रथम विजेताले 3 लाख, अनि दोस्रो र तेस्रोले 2 लाख र 1 लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गरे। पश्चिम बंगालको मोङपुका सुजन लम्जलले आफ्नो छोटो चलचित्र डोको को छहारी को लागि पहिलो पुरस्कार जिते। मुख्यमन्त्री श्री तामाङले आफ्नो सम्बोधनमा भन्नुभयो, यस महत्वपूर्ण उपलब्धिमा हामी भारत सरकारको संरक्षणमा सिक्किम अन्तर्राष्ट्रिय सम्मानित भएका छौं। चलचित्र महोत्सवबाट उहाँले सूचना तथा प्रसारण मन्त्रालय र भारतीय राष्ट्रिय चलचित्र विकास निगम (एनडीएफसी) लाई निरन्तर सहयोगको लागि आभार व्यक्त गर्नुभयो। मुख्यमन्त्रीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई पनि हार्दिक धन्यवाद दिनुभयो।

सहकारी मार्फत समुदायलाई सशक्त बनाउनेः सिक्किम राज्य सहकारी नीति 2026 को थालनी

सिक्किम सरकारको सहकार विभागद्वारा आयोजित सिक्किम राज्य सहकारी नीति 2026 को शुभारम्भ आज सिक्किम राज्य सहकारी संघमा सम्पन्न भयो। कार्यक्रममा ग्रामीण विकास

विभाग, सहकारी विभाग र पञ्चायती राज मन्त्री अरुण कुमार उप्रेती प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

आफ्नो सम्बोधनमा उहाँले राज्य सहकारी नीतिको शुभारम्भले राज्यको प्रगतिशील सामाजिक-आर्थिक ढाँचातर्फ कोसेढुङ्गाको रूपमा काम गर्ने  कुरामा प्रकाश पार्नुभयो।

एमएसएमई: पाकिम

मल्ली निर्वाचन क्षेत्रको लागि सूक्ष्म, साना र मझौला उद्यमहरू, एमएसएमई प्रदर्शन वृद्धि र प्रवेग (RAMP) पहल अन्तर्गत MSME को लागि राज्य र केन्द्र सरकारका योजनाहरू बारे जागरूकता कार्यक्रम आज आयोजना गरियो। यो कार्यक्रम सिक्किम सरकारको वाणिज्य तथा उद्योग विभाग अन्तर्गत जिल्ला उद्योग केन्द्र, नाम्चीमा भएको थियो।

यसको उद्देश्य एमएसएमईहरूको लागि उपलब्ध विभिन्न योजनाहरू र अवसरहरूको बारेमा जानकारी फैलाउनु थियो, साथै बेरोजगार युवाहरूमा उद्यमशीलतालाई प्रोत्साहन गर्नु र वर्तमान व्यवसाय मालिकहरूलाई सरकारी अनुदान, मंच र मार्गदर्शनमा पहुँच सहज बनाउनु थियो।

माय भारत सिक्किमः जिल्ला स्तरीय खेलकुद प्रतियोगिता आयोजना

सूचना तथा प्रसारण मन्त्रालय अन्तर्गत रहेको माय भारत, गान्तोकले सोरेङ जिल्लाको जौतार इनडोर ब्याडमिन्टन स्टेडियममा जिल्ला स्तरीय खेलकुद प्रतियोगिता 2026 को आयोजना गर्यो र नशा मुक्त भारत अभियानको बारेमा जागरूकता कार्यक्रम पनि आयोजना गर्यो। युवाहरूमा खेलकुद सहभागितालाई प्रवर्धन गर्ने र लागूपदार्थको दुरुपयोगको बारेमा जागरूकता जगाउने उद्देश्यले यो पहल गरिएको थियो। प्रमुख अतिथि र विशिष्ट अतिथिहरूको स्वागतपछि औपचारिक दीप प्रज्वलन र राष्ट्रिय गान गाएर कार्यक्रम को थालनी गरिएको थियो।

ICAR-राष्ट्रीय अर्किड पन्च केन्द्र, पाकिम

भारतीय कृषि अनुसंधान परिषद, ICAR तथा राष्ट्रिय अर्किड अनुसन्धान केन्द्र, NRCO, पाकिम द्वारा आयोजित एक दिने तालिम तथा अर्किड रोपण सामग्री वितरण कार्यक्रम, ICAR पाकिममा सम्पन्न भयो।

ICAR-NRCO का निर्देशक डा. एस. पी. दासले उद्घाटन भाषणमा सिक्किम राज्यमा अर्किडको सम्भावनाको बारेमा चर्चा गर्दै किसानहरूलाई अर्किडको सुन्दरतालाई व्यवसायमा विस्तार गर्ने दिशामा काम गर्न प्रोत्साहित गर्नुभयो।

वन्यजन्तु गेजिंग डिभिजन, वन तथा वातावरण विभागले मानव-वन्यजन्तु द्वन्द्वबाट प्रभावित व्यक्तिहरुलाई अनुग्रह भुक्तानी वितरण गयो

वन्यजन्तु गेजिंग डिभिजन, वन तथा वातावरण विभागको क्षेत्राधिकार अन्तर्गत मानव-वन्यजन्तु द्वन्द्वबाट प्रभावित कुल 34 व्यक्तिलाई आज डिभिजनल वन अधिकृत (वन्यजन्तु) गेजिंगको कार्यालयमा अनुदान भुक्तानी गरिएको छ। पीडितहरुलाई तत्काल आर्थिक राहत प्रदान गर्ने र यस्ता घटनाहरूको आर्थिक प्रभावलाई कम गर्ने उद्देश्यले डिभिजनल वन अधिकृत (डीएफओ) निशा सुब्बाको पर्यवेक्षणमा यो रकम वितरण गरिएको थियो।